# नेपाल र भारतबीच पारवहनमा नयाँ व्यवस्था

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, असार ७ गते। नेपाल भारत पारवहन सन्धि अनुरूप भारत हुँदै आउने तेस्रो मुलुकका सवारीसाधन आफ्नै सामर्थमा आउन दिने व्यवस्था भएको छ।

सन्धिअनुसार यस्ता साधन रेल वागन, ट्रक वा ट्रेलरमा राखेर मात्रै ओसारपसार गर्न पाइने व्यवस्था गरेकोमा अब त्यस्ता

**सन्धिअनुसार यस्ता साधन रेल वागन, ट्रक वा ट्रेलरमा राखेर मात्रै ओसारपसार गर्न पाइने व्यवस्था गरेकोमा अब त्यस्ता साधन आफ्नै सामर्थमा रक्सौल-वीरगञ्ज, जोगवनी-विराटनगर, सुनौली-भैरहवा, नेपालगञ्ज आउन दिइने छ।**

साधन आफ्नै सामर्थमा रक्सौल-वीरगञ्ज, जोगवनी-विराटनगर, सुनौली-भैरहवा, नेपालगञ्ज आउन दिइने छ।

नेपालले त्यस्ता सवारीसाधन आफैं आवतजावत गर्न नमिल्ने हुँदा कोलकाता बन्दरगाहदेखि नेपालसम्म ल्याउनको लागि लाग्ने थप सुविधा, बाहक तथा औजारको विशेष व्यवस्था गर्नुपर्दा समय र लागत बढ्न गई असुविधा परेको भनी यस्तो व्यवस्था हटाउन गत वर्ष संयुक्त आयोगको बैठकमा प्रस्ताव गरेको थियो। दुई देशका सरकारबीच भएको सम्झौता अनुरूप कुनै तेस्रो देशबाट भारत हुँदै आउने सवारीसाधन आफ्नै सामर्थ्यमा नेपाल आउन दिने सहमतिपत्रमा हस्ताक्षर भएको भारतीय दूतावासले प्रेस विज्ञप्तिमार्फत जनाएको हो।